पोखरा विश्वविद्यालय
# व्यवस्थापन संकाय
## डीनको कार्यालय
पोखरा लेखनाथ, कास्की

चलानी नं.: १४२/०७७/७८

मितिः २०७७।०९।२६

श्री सम्पूर्ण आङ्गिक स्कूलहरु, संयुक्त आङ्गिक कलेजहरु र सम्बन्धन प्राप्त कलेजहरु,

पोखरा विश्वविद्यालय ।

बिषयः **प्राज्ञिक परिषद्को निर्णय जानकारी गराएको वारे ।**

पोखरा विश्वविद्यालय, प्राज्ञिक परिषद्को मिति २०७७।०९।२५ गते बसेको ७९औं असाधारण बैठकको निर्णय नं क (१), **बिद्यार्थी भर्ना सम्बन्धि** निर्णयका बारेमा सबै आङ्गिक स्कूलहरु, संयुक्त आङ्गिक कलेजहरु र सम्बन्धन प्राप्त कलेजहरुको **जानकारी एवं आवश्यक कार्यार्थ** पठाईएको/प्रकाशित गरिएको व्यहोरा जानकारी गराउँदछु ।

**सम्लग्नः** पो. वि. प्राज्ञिक परिषद्को ७९औं असाधारण बैठक, मिति २०७७ पौष २५ को निर्णय नं. क (१) ... पेज २ हेर्नुहोस ।

२०७७।०९।२६

..............................
प्रा. हरि बहादुर खड्का

डीन, व्यवस्थापन संकाय एवं सदस्य–सचिव, प्राज्ञिक परिषद् ।

**अवगतार्थः**

१. श्रीमान् उपकुलपति ज्यू, पोखरा विश्वविद्यालय ।

२. श्रीमान् रजिष्ट्रार ज्यू, पोखरा विश्वविद्यालय ।



सम्पर्क ठेगानाः पोखरा लेखनाथ-३०, कास्की, नेपाल, फोन नं. ०६१-५०४१४७, ५०४०३५

पोखरा विश्वविद्यालय
व्यवस्थापन संकाय
डीनको कार्यालय
पोखरा लेखनाथ, कास्की

चलानी नं.:

पो. वि. प्राज्ञिक परिषद्को ७९औं असाधारण बैठक, मिति २०७७ पौष २५, निर्णय नं. क (१) :

क) **बिद्यार्थी भर्ना सम्बन्धि प्रस्तावको निर्णय**

१) पोखरा विश्वविद्यालय, व्यवस्थापन संकाय अन्तर्गतका स्नातक तहका शैक्षिक कार्यक्रमहरुमा विगतमा भर्नाका लागि तह उत्तीर्ण (pass division) हुनुपर्ने प्रावधान रहेकोमा राष्ट्रिय परीक्षा बोर्डले कक्षा ११ र १२ (प्लस टु) को नजिता अक्षरांकन पद्धति अनुसार प्रकाशित गरेपछि पोखरा विश्वविद्यालय, प्राज्ञिक परिषद्को मिति २०७५।०२।१८ मा बसेको ६८औं असाधारण बैठकको निर्णयबाट यस संकाय अन्तर्गत सञ्चालित स्नातक तहका शैक्षिक कार्यकममा विद्यार्थी भर्नाका लागि कक्षा ११ र १२ का हरेक विषयमा न्युनतम सि ग्रेड प्राप्त गरेको हुनुपर्नेछ भनि भर्नाको न्युनतम आधार (Eligibility) निर्धारण गरिएको र हाल त्रिभुवन विश्वविद्यालय लगायतका स्वदेशी विश्वविद्यालयहरु र विदेशी विश्वविद्यालयले CGPA लाई आधार बनाएर विद्यार्थी भर्नाको न्युनतम योग्यता निर्धारण गरेका हुँदा पोखरा विश्वविद्यालयका हकमा पनि भर्नाको आधार CGPA लाई बनाउनु उचित हुने सिफारिश सहित भर्नाका लागि न्युनतम योग्यता परिमार्जका लागि व्यवस्थापन संकायका डीन ज्यूबाट सिफारिश भई आएको विषयमा छलफल हुँदा व्यवस्थापन संकायका स्नातक तहका हाल सञ्चालनमा रहेका सबै शैक्षिक कार्यकमहरु (BBA, BBA-Banking and Insurance, BBA-Travel and Tourism, BHM, BHCM, BCIS) का लागि आगामी भर्ना देखी लागू हुनेगरि मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ या सो सरहको तहमा अक्षराङ्कन पद्धति अनुसार न्युनतम सिजिपिए १.८० ( प्रत्येक विषयमा न्युनतम ग्रेड D+ हुनेगरि) र अंक प्रणालि अनुसार समग्रमा न्युनतम दोस्रो श्रेणी (४५ प्रतिशत अंक) प्राप्त गरेको हुनुपर्ने गरि विद्यार्थी भर्नाको न्युनतम योग्यता परिमार्जन गर्ने निर्णय भयो ।

२०७७/०९/२६



सम्पर्क ठेगानाः पोखरा लेखनाथ-३०, कास्की, नेपाल, फोन नं. ०६१-५०४१४७, ५०४०३५